# टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : ३२ मितिः २०७७/१०/०६

## भाग - ३

## लैंगिक हिंसा निवारण कोष खर्च संञ्चालन मापदण्ड कार्यविधि,२०७७

स्वीकृत मितिः २०७७/०५/१९

**प्रस्तावना :**

नेपालको संविधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्यन गर्न र लैंगिक हिंसावाट पिडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधी उपचार गर्न वा पुनर्स्थापना गर्न कार्यका लागि नगरपालिकामा लैंगिक हिंसा निवारण कोष स्थापना गरी सो कोषवाट पिडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनको लागि लैंगिक हिंसा निवारण कोष संचालन (द्रोश्रो संसोधन) नियमावली, २०७६, लैंगिक हिंसा निवारण कोष स्थापना तथा विस्तारको लागी सर्शत अनुदान रकम खर्च सम्बन्धि मापदण्ड, २०७६ को अधिन एवं स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ उपदफा (२) तथा टीकापुर नगरपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी टीकापुर नगरपालिकाले लैंगिक हिंसा निवारण कोष संञ्चालन मापदण्ड, २०७७ बनाएको छ ।

१) संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "लैंगिक हिंसा निवारण कोष खर्च संचालन मापदण्ड, २०७७" रहेको छ ।

(२) यो मापदण्ड नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) "नगरपालिका" भन्नाले टीकापुर नगरपालिकालाई सम्झनु पर्छ ।

ख) "कोष" भन्नाले दफा (३) बमोजिमको लैंगिक हिंसा निवारण कोष संम्झनु पर्छ ।

ग) "पिडित" भन्नाले लैंगिक हिंसावाट पिडित वा प्रभावित व्यक्ति संम्झनु पर्छ ।

घ) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्वन्ध भएको अर्को कुनै व्यक्तिलाई दिइएको शाारीरीक, मानसिक वा यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ ।

ङ) "लैंगिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जिवनमा लिङ्गको आधारमा कसैप्रती शाारीरीक मानसिक वा यौनजन्य क्षति वा पिडा पुर्‍याउने कार्य संम्झनु पर्छ र सो शव्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य वा धम्कीपुर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नवाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँदछ ।

च) "कोष संचालन समिती" भन्नाले मापदण्डको दफा (९) बमोजिम गठित समितीलाई सम्झनु पर्छ ।

३. कोषको स्थापना

१) लैङ्गिक हिंसा पिडित र प्रभावितहरुको तत्काल उद्धार गर्न राहत र पुन: स्थापना गर्ने काम समेतका लागी टीकापुर नगरपालिकाले एक हिंसा निवारण कोष स्थापना गरिएको छ ।

२) कोषमा देहायको वमोजिमको रकमहरु रहनेछन् :–

क) संघीय तथा प्रदेश सरकारवाट प्राप्त रकम,

ख) टीकापुर नगरपालिकाको आन्तरीक स्रोतवाट छुटाइएको रकम,

ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थावाट प्राप्त रकम,

घ) अन्य कनै स्रोतबाट प्राप्त रकम ।

४. कोषको सञ्चालन :

(१) कोषको रकम समितिको निर्णय बमोजिम कार्यालय नजिक रहेको नेपाल बैंक लिमिटेड वा बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखत बाट हुनेछ

५.कोषमा रकम जम्मा गर्ने :

महिला हक हितको क्षेत्रमा नगरपालिकाको प्रत्येक बर्ष बार्षिक बजेट बाट छुट्याएको रकम कोषमा जम्मा रहनेछ ।

६.कोषको उपयोग :

(१) कोषको रकम देहायको कामको लागी पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :–

क) तत्काल उद्धार गर्न,

ख) औषधीउपचार गर्न,

ग) राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउने,

घ) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

ङ) हिंसा पिडितलाई पुनर्स्थापना गराउन,

च) कुनै व्यवसाय गर्नको लागी बीउ पुंजीको (सिड मनी) रुपमा प्रदान गर्न,

छ) पीडितको लागी सञ्चालक समितीले तोके बमोजिमको अन्य काममा

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितले लैङ्गिक हिंसावाट पीडित महिला, अपांग, बालबालिका तथा जेष्ठ नागरिक वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिहरुलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

७. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :

(१) कोषको रकम दफा (५) मा लेखिए बाहेक अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागी कोषको रकम उपयोग गर्न सकिनेछ । सञ्चालक समितिका संयोजक वा सदस्यले सो समितिको

बैठकमा भाग लिए वापत नगरकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

८. राहत तथा आर्थीक सहयोग उपलब्ध गराउने रकमको आधार र मापदण्ड:

(१) यस मापदण्ड बमोजिम पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउंदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :–

क) पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानवीय क्षती हुने देखिएमा कोष संचालन समितीले निर्णय गरी वीस हजार रुपैयाँ नवढ्ने गरी मनासिव रकम,

ख) हिंसा पीडितले कुनै सीपमुलक तालिम प्राप्त गरी व्यवसाय संचालन गर्नका लागी वीउँ पूँजिको रुपमा वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यताका आधारमा प्रति व्यक्ति बढीमा बीस हजार रुपैयाँ,

ग) पीडितलाई कानुनी सहायता ,मनोबैज्ञानिक उपचार वा मनोविर्मशका लागी पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यर्थाथ खर्च,

घ) पिडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खंर्च वापत प्रतिदिन तीन संय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाको दरले लागेको यथार्थ खर्च रकम,

ङ) कोष संचालन समितीले तोके बमोजिमको अन्य कामको लागी कामको प्रकृति, आवश्यकता र औचित्यताको आधारमा बढीमा दश हजार रुपैयाँ ।

९. <u>राहत तथा आर्थीक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने</u> :

(१) यस मापदण्ड बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार

देखिएमा कोष संचालन समितीले निर्णय गरी मापदण्डको दफा ११ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

३) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाँचबुझ गर्दा पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनुपर्नेछ ।

**९ क. तत्काल रकम उपलब्ध गराउन सक्ने :**

(१) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पिडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा संचालक समितिको अधयक्षले सो प्रयोजनको लागि कोषबाट बीस हजार रुपैयाँ नवढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराएपछि बस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१०. कोष सञ्चालक समितीको गठन :**

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि एक कोष संचालन संमिती रहनेछ ।

(२) सञ्चालक समितीको गठन देहाय बमोजिमको हुनेछ :

(क) नगरपालिकाका उप-प्रमुख – संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत – सदस्य

(ग) ईलाका प्रहरी कार्यलयका अधिकृत प्रतिनिधी – सदस्य

(घ) सामाजिक विकास समिती संयोजक – सदस्य

(ङ) जनस्वास्थ्य प्रवर्धन उपशाखा प्रमुख – सदस्य

(च) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

(छ) प्रशासन शाखा प्रमुख – सदस्य

(ज) कानुन शाखा प्रमुख – सदस्य

(झ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरु मध्येबाट संचालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना – सदस्य

(ञ) महिला बालबालिका तथा समाज कल्याण उपशाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (झ) बमोजिमको सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

**११. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) लैङ्गिक हिंसा पिडित तथा प्रभावितको उद्धार गर्ने, पुनर्स्थापना गर्ने, राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धमा कार्यक्रम तर्जुमा गर्ने,

ख) लैङ्गिक हिंसा पिडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ग) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने,

घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

ङ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कामगर्ने निकायसँग समन्वय गर्ने,

च) समितिले तत्काल आवश्यक पर्ने उपयुक्त क्षेत्रमा कोषमा रहेको रकम लगानी गर्ने,

छ) कोषमा रकम वृद्धिका लागि स्रोत खोजी गर्ने,

ज) स्थानीय लैङ्गिक हिंसा निवारण कोषको अनुगमन गर्ने वा गराउने,

झ) लैङ्गिक हिंसा निवारण सम्वन्धि अन्य काम गर्ने वा गराउने ।

**१२. संञ्चालक समितीको बैठक र निर्णय :**

(१) सञ्चालक समितीको बैठक आवश्यकता अनुसार वस्नेछ ।

२) सञ्चालक समितीको बैठक संयोजकले तोकेको मिती, समय र स्थानमा बस्नेछ ।

३) सञ्चालक समितिको कुल सदस्य संख्याको ५०% (प्रतिशत) भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितीको बैठकको गुणपुरक संख्या पुगेको मानिनेछ ।

४) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितीमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

५) सञ्चालक समितीको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

६) सञ्चालक समितीले आवश्यकता अनुसार नगरपालिकाको कुनै पदाधिकारी वा कर्मचारी वा अन्य कुनै व्यक्तिलाई समितीको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ।

७) सञ्चालक समितीको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

८) सञ्चालक समितीको बैठक सम्बन्धी अन्य कार्यविधि समितीको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ।

१३. **समितिको प्रशासनिक खर्च :**

समितिको प्रशासनिक खर्च कोषमा जम्मा रकमको ५% (प्रतिशत) भन्दा बढि हुने छैन।

१४. **कोषको लेखा र लेखा परिक्षण :** कोषको आय व्ययको लेखा र लेखा परिक्षण नगरपालिकाकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ।

१५. **कोषको रकम फ्रिज नहुने :**

कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

१६. **प्रतिवेदन पेश :**

(१) सञ्चालक समितिले आफुले गरेको अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ।

२) उपदफा (१) बमोजिम समितिले पेश गरेको प्रतिवेदन नगरकार्यपालिकाले सार्वजनिक गर्नेछ।

१७. **कोषको सचिवालय :**

कोषको सचिवालय नगरकार्यपालिकाको कार्यलयमा रहनेछ।

अभिलेख राख्ने : समितिले आफुले गरेको कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ।

१८. **निर्देशन दिन सक्ने :**

(१) नगरकार्यपालिकाले समितिको काम कारवाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नगरकार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१९. अधिकार प्रत्यायोजन:

समितिले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा नगरकार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०. कोष खारेजी र बचाउ :

(१) कुनै कारणवश कोष संचालन गर्न आवश्यक नदेखिएमा नगरपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगरकार्यपालिकाको बैठकबाट हुनेछ ।

(३) यस मापदण्ड बमोजिम भए गरेका काम कारवाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ र प्रचलित कानून सँग बाँझिएको खण्डमा स्वतः खारेज हुनेछ ।

आज्ञाले,
मोहन प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत
टीकापुर नगरकार्यपाकिकाको कार्यालय